# MANGWA PASTORATE-FRIDAY PRAYER CELL
# PRAYER LETTER 656 OF 04.04.2025

बाइबल पाठ्: *म पिताबाट निस्केर संसारमा आएको छु,*
*र फेरि म संसारलाई छोड़ेर पिताकहाँ जान्छु।* यूहन्ना १६:२८

➢ धन्यबाद्को प्रार्थना गर्दै आजको प्रार्थना कक्षलाई शुरू गर्न सक्नुहुन्छ।

**आजको प्रार्थनाका बिषयहरू:**

१. नक्सलबारी पास्टोरेट् र त्यहाँ सेवा गर्ने पास्टर राजेन र परिवारको लागि प्रार्थना गरौं।

२. परमेश्वरको सेवा गर्ने सबैजनालाई हाम्रो प्रार्थनामा याद् गरौं, साथै हाम्रो डायोसेस्का बिशप रोशन थापाको सेवकाई र उनको परिवारको लागि निरन्तर प्रार्थना गरौं।

३. उत्तर भारतको मण्डली (सि०एन०आई०) का मोडरेटर बि० के० नायक, सचिव डा० अजिथ कुमार र खजाञ्ची सुब्रत गोराई, सबैलाई हाम्रो प्रार्थनामा सम्झने गरौं।

४. बिदेश/परदेशमा गएर पढाई, काम र ट्रेनिङ गर्ने मण्डलीका भाइ—बहिनीहरूको स्वस्थ्य र सुरक्षाको निम्ति प्रार्थना गरौं ताकि आफूले गर्ने सबै कुरामा उनीहरू परमेश्वरको बचनमा खड़ा रहन सकून्।

५. शरीरको कमजोरीको कारण सेवा—संगतिमा आउन नसक्नेहरूलाई प्रार्थनामा याद् गरौं।

६. घर अनि अस्पतालमा भएका बिरामीहरूको निम्ति र उनीहरूको सेवा गर्ने सबैजनाको निम्ति प्रार्थना गरौं।

७. सबै बिध्यार्थीहरू, शिक्षक—शिक्षिकाहरू र स्कूल अनि कलेजहरूको निम्ति प्रार्थना गरौं।

८. खेती गर्नेहरू अनि पशुपालन गर्नेहरू सबैको निम्ति प्रार्थना गरौं। धेरैवटा ठाउँहरूमा पानीको संकट् देखा परेको छ—यसकारण प्रार्थनामा परमेश्वरलाई लगातारसँग पुकारौं।

९. बाटो बनाउनेहरू, ड्राइभर र यात्रुहरू साथै रेलको लाइन् बनाउनेहरूलाई प्रार्थनामा याद् गरौं।

१०. हाम्रो देश साथै अन्य देशहरूमा शासन गर्ने सबै अधिकारीबर्गको लागि प्रार्थना गरौं।

११. लड़ाई र अशान्तिका कुराहरू मेटिएर सबैतिर परमेश्वरको शान्ति छाउनको लागि प्रार्थना गरौं।

१२. सेवा—संगतिबाट टाड़िएर तथा खराब लत्मा डुबेर परमेश्वरलाई अनादर् गर्नेहरू पश्चाताप गरेर प्रभुमा र मण्डलीमा फर्कन सकून् भनी प्रार्थना गरौं।

१३. आउँदो आइतबार, ०६/०४/२०२५, तकलिङ चर्चमा बिहान १० बजे शुरू हुने पवित्र आराधना साथै प्रभु भोजको सेवाको लागि प्रार्थना गरौं।
सेवापछि नानीहरूको निम्ति सण्डे—स्कूल लाग्नेछ, यसकारण, आमा—बाबुहरूले आफ्ना नानीहरूलाई चर्चमा लिएर आउनुहोला।

१४. जन्मदिन्: ०६/०४—प्रज्वल, १०/०४—फिलिप (बड़ामंगवा) दुवैजनाको लागि प्रार्थना गरौं।

**प्रार्थनाको निम्ति अरू बिषयहरू थप्न सक्नुहुन्छ...**

रेभ० के० के० शर्मा
प्रेस्बिटर—इन्—चार्ज

*MP/FPC-656/04-04-2025*